'सुखी खुशी समृद्ध इच्छाकामना, कृषि, पर्यटन र पूर्वाधार विकास हाम्रो चाहना'

# इच्छाकामना गाउँपालिका

द्वारा आ.व. २०८२/०८३ को प्रथम चौमासिकमा प्रवाह गरिएको सेवा सम्बन्धमा

# सार्वजनिक सुनुवाई कार्यक्रम-२०८२

**मुग्लिन बजार, चितवन**

**२०८२ मंसिर २९ गते सोमबार**



## कार्यक्रम सम्पन्नताको प्रतिवेदन

**सहजकर्ता**

ईच्छाकामना ब्रोडकास्टिङ्ग मिडिया प्रा. लि.
Ichchhakamana Broadcasting Media Pvt.Ltd.
इच्छाकामना गाँउपालिका-४, चितवन, फोन नं. ९८५६०४६४५३, ९८१७१०२२२३

**प्रतिवेदन तयार पार्ने**

**चित्र बहादुर गुरुङ**

**आयोजक**

इच्छाकामना गाउँपालिका
चितवन

## भूमिका

लामो समय देखि नेपालमा कुनैपनि सरकारी कार्यालयको काम, कारवाही तथा सेवालाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन सर्वसाधरण नागरीक बिच सार्वजनिक सुनुवाई गराउनुपर्ने व्यवस्था गरेको छ । सु-शासन व्यवस्थापन तथा सञ्चालन ऐन २०६४ को धारा ३० मा यस्तो व्यवस्था गरिएको छ । यसका साथै नेपालको संविधान २०७२ को धारा २७ मा व्यवस्था गरिएको सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्न र पाउने हकको सुनिश्चित गरिएको छ । यस्तै सुशासन व्यवस्थापन तथा नियमावली २०६५ मा कुनैपनि सरकारी निकायले प्रत्येक कम्तिमा ४/४ महिनामा सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाई कार्यक्रममा विशेषत सेवाग्राही समक्ष प्रतिबद्धता जनाएका कुराहरु पूरा गर्न कार्यालयले गरेका प्रयासहरु बारे जानकारी दिने, सेवाग्राहीले सेवा प्राप्त गर्दा कम खर्चिलो ढंगबाट पाउने व्यवस्था गर्नको लागि, कार्यालयको सेवा पारदर्शी समावेशी तथा जनसहभागितामुलक बनाई त्यसको प्रतिफल सर्वसाधारण नागरिकलाई उपलब्ध गराउने व्यवस्था गराउनको लागि सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ । यसका लागि पछिल्लो समय स्थानीय सरकार स्थापना भएपछि स्थानीय सरकार जनताप्रति झनै उत्तरदायी र जवाफदेही हुनु पर्ने भएको छ । यी नै अवस्था र आवश्यकतालाई नै ख्याल गरेर चितवनको इच्छाकामना गाउँपालिकाले निरन्तर सार्वजनिक सुनुवाई कार्यक्रम विगत देखि नै गर्दै आईरहेको छ । यस पटक पनि आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिकमा गाउँपालिकाले प्रवाह गरेको सेवाको सम्बन्धमा यहि मिति २०८२ साल मंसिर २९ गते बुधबारको दिन इच्छाकामना गाउँपालिका वडा नं. २ को घुर्केस गाउँ स्थित घुर्केस सामुदायिक होम स्टेको सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको हो ।

## उद्देश्य

१. सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुको मुख्य उद्देश्य इच्छाकामना गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिकमा सेवाग्राहीहरुलाई उपलब्ध गराईएका सेवा सुविधाहरुबारे जानकारी दिने नै हो ।

२. गाउँपालिकाबाट सेवा लिने सेवाग्राहीको गुनासो, समस्या तथा उजुरीको विषयमा सम्बोन्धन गर्ने ।

३. गाउँपालिकाबाट गत आर्थिक वर्षमा सञ्चालनमा रहेका योजना, परियोजना, कार्यक्रम बजेटका बारेमा सर्वसाधरणलाई जानकारी दिन ।

## कार्यक्रमको तयारी

आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिकमा कार्यालयले गरेको सेवा प्रवाह, बजेट कार्यक्रम योजना लागयतका सन्दर्भमा सर्वाजनिक सुनुवाई कार्यक्रम गर्ने र कार्यक्रमको सहजिकरणको काम इच्छाकामना ब्रोडकाष्टिङ मिडिया प्रा.लि.ले जिम्मेवारी लिने/दिने निर्णय भयो । यस्तै कार्यक्रम सम्पन्न गर्न गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत चन्द्रकान्त बस्नेतसँग आवश्यक समन्वय गर्ने गरी तयारी गरियो । सहज रुपमा कार्यक्रम सम्पन्नताको लागि आवश्यक तयारी स्वरुप अध्यक्ष, जनप्रतिनिधी, प्रमुख प्रशासकिय अधिकृत एवं सम्बन्धितहरुसँग छलफलहरु गरियो । यस पटक पनि सेवा ग्राहीसँग सुझाव लिने उद्देश्यका साथ सेवाग्राहीसँग मत सर्वेक्षणका लागि गाउँपालिका कार्यालयमा सहजिकरणको जिम्मेवारी पाएको संस्थाको तर्फबाट मत सर्वेक्षक राम बहादुर धामीलाई खटाईयो । कार्यक्रमको बारेमा सूचना प्रशारण प्रकाशन गर्न सुरु गरियो । जस अन्तर्गत गाउँपालिकाको सूचना पाटी तथा वडा कार्यालयहरुमा सूचना टाँस गरियो । यस्तै इच्छाकामना न्युज डटकम अनलाईन, इच्छाकामना न्युज डटकमको आधिकारिक फेसबुक पेज, इच्छाकामना गाउँपालिकाको आधिकारिक फेसबुक पेज, इच्छाकामना १०२.४ मेगाहर्ज साथै विभिन्न सामाजिक सञ्जाल मार्फत सूचना प्रकाशन प्रशारण गरियो ।

प्रचार प्रसार सूचना सामाग्री अडियो पेनड्राइभमा उपलब्ध छ भने अनलाईनमा प्रकाशित सूचना सामाग्री र वडाकार्यालयहरुमा टाँसिएको सूचना सामाग्री अनुसूची १ मा छ ।

## नागरिक सर्वेक्षण

यस पटक गाउँपालिकाको कार्यालय सेवा लिन आउने सेवा ग्राहीले के-कस्तो असुविधाहरु भोगेका छन् ?, कार्यालयको सेवा प्रवाहमा सेवा ग्राही के चाहन्छन् ?, कार्यालयको सेवा प्रवाह प्रति सेवा ग्राहीको प्रतिक्रिया के छ ? लगायत करिब २ दर्जन प्रश्नहरुको साथ ४ दिन गाउँपालिका कार्यालयमा रहेर सर्वेक्षण कार्य गरियो । सर्वेक्षणको क्रममा ४५ जना नागरिकहरु सहभागी भएका थिए । नागरिक सर्वेक्षणको लागि सहजिकर्ताको जिम्मेवारी पाएको संस्थाको तर्फबाट सर्वेक्षक राम बहादुर धामी फिल्डमा खटिनु भएको थियो । मत सर्वेक्षणको अन्तिम नतिजा अनुसूची २ मा छ ।

## सार्वजनिक सुनुवाई कार्यक्रम

इच्छाकामना गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि तोकिएको मिति २०८२ साल मंसिर २९ गते बुधबारको दिन दिउँसो १ बजेबाट सुरु गर्ने भनिए पनि कार्यक्रम निर्धारित समय भन्दा करिब एक घण्टा ढिला गरि २:०० बजेबाट सुरु गरियो । कार्यक्रम २ घण्टा अर्थात ४:०० बजेसम्म सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा सहजकर्ता संस्था इच्छाकामना ब्रोडकाष्टिङ मिडिया प्रा.लि.का तर्फबाट चित्र बहादुर गुरुङले सहजकर्ताको भुमिका सुरु गर्नुभयो । कार्यक्रमको सुरुमा इच्छाकामना गाउँपालिकाका अध्यक्ष दान बहादुर गुरुङले अध्यक्षता ग्रहण गर्नुभयो । यसपछि कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायण अधिकारी ज्यूलाई प्रमुख अतिथिको रुपमा आसन ग्रहण गराउदै इच्छाकामना गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत चन्द्रकान्त बस्नेत, वडाध्यक्षहरु, कर्मचारीहरु, तथा विभिन्न आमन्त्रित

व्यक्तिहरुलाई आसन ग्रहण गराएर सुनुवाईको चरण सुरु भयो । यसपछि कार्यक्रममा इच्छाकामना गाउँपालिकाका उपाध्यक्ष माया सिलवालले कार्यक्रममा सहभागीहरुलाई स्वागत गर्नुभयो भने कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायण अधिकारीले व्यानर बाचन गर्दै कार्यक्रमको समुद्घाटन गर्नुभयो । कार्यक्रम समुद्घाटन पश्चात गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रकान्त बस्नेतले आर्थिक वर्ष २०८२/०८२ को प्रथम चौमासिकको अवधिमा भएका प्रगती प्रतिवेदन बारे संक्षिप्त रुपमा जानकारी गराउनुभयो । यसपछि कार्यक्रमका सहजकर्ता संस्थाका प्रतिनिधि पत्रकार चित्र बहादुर गुरुङले सार्वजनिक सुनुवाई कार्यक्रमको आचारसंहिता बारे सहजकर्ताले सहभागीहरुलाई जानकारी गराउनुभयो । उक्त आचार संहिता अनुमोदन सँगै सहभागीहरुलाई इच्छाकामना गाउँपालिकाको सेवा प्रवाह बजेट, कार्यक्रम, परियोजनाको विषयमा सम्बन्धि लिखित तथा मौखिक रुपमा प्रश्नहरु गर्नका लागि मञ्च खुल्ला गरियो ।

## कार्यक्रममा सहभागीहरू

सार्वजनिक सुनुवाई कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायण अधिकारी, गाउँपालिका कार्यवाहक अध्यक्ष, वडाध्यक्ष, बोर्ड सदस्य प्रमुख प्रशासकिय अधिकृत तथा कर्मचारीहरु, पालिका स्तरीय राजनैतिक दलका प्रतिनिधरुहरु, पूर्व जनप्रनिधिहरु, सामुदायिक संघ संस्थाका प्रतिनिधीहरु र सञ्चार कर्मीहरु लगायत सर्वधारणहरुको उल्लेख्य उपस्थिती रहेको थियो । उपस्थित सबै महानुभावहरुको उपस्थिती उठाईएको छ र सो को विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ

## कार्यक्रम तस्विर र भिडियो

सार्वजनिक सुनुवाई कार्यक्रमको तस्विर र भिडियो पनि तयार पारिएको छ । तस्विरको विवरण अनुसूचि ४ मा उल्लेख गरिएको छ भने भिडियोको विवरण पेनड्राइभमा गाउँपालिकाको आईटि शाखामा उपलब्ध गराईएको छ ।

## कार्यक्रमको समाचार

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात विभिन्न सञ्चारमाध्यममा कार्यक्रम सम्पन्नताको समाचारहरु प्रकाशित भएको थियो सो सम्बन्धि विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ ।

## लिखित तथा मौखिक प्रश्नको जवाफ

सार्वजनिक कार्यक्रममा सहभागीहरुलाई लिखित तथा मौखिक प्रश्न राख्न खुला गरेसँगै सबैसहभागीको प्रश्न लिएर उक्त प्रश्नको जवाफ गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत

चन्द्रकान्त बस्नेतले दिनुभएको थियो । कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ भिडियो रेकर्डका साथ पेनड्राइभमा गाउँपालिकाको आईटि शाखामा उपलब्ध गराईएको ।

**निष्कर्षः**

इच्छाकामना गाउँपालिकाको मिति २०८२ असार ३२ गते बुधबार सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो । कार्यक्रममा सबैले शिष्ट र सभ्य भाषाको प्रयोग गरी प्रश्न सोध्ने काम भयो । कोहि कसैबाट व्यक्तिगत रिसइवी साध्ने, व्यक्तिगत आरोप, प्रत्यारोप र लाञ्छना लगाउने काम भएन । झण्डै आधा दर्जन भन्दा बढि सहभागीहरुबाट विभिन्न विषयमा दर्जनौ प्रश्नहरु गरिए । कार्यक्रममा अधिकाशं सहभागीहरुले धानवारी गाउँमा संचालित चुनढुङ्गा खानीले चुनढुङ्गा ढुवानीको लागि प्रयोग गरेको ट्रिपरका कारण नजिकै रहेको विद्यालयका विद्यार्थीहरुलाई डिष्ट्रब भएको, विद्यालय आउने जाने क्रममा साघुरो बाटोमा हिड्दा जोखिम बढेको, भारवहन क्षमता भन्दा बढि माल बोकेर ट्रिपर गुड्दा नवनिर्मित कालोपत्रे सडक भत्किदै गएको जसले गर्दा दुर्घटनाको जोखिम बढ्नुका साथै पछिल्लो समय पर्यटकीय केन्द्रको रुपमा विकसीत हुदै गएकोमा सडककै कारण आन्तरिक पर्यटकको आगमन रोकिने जोखिम बढेको गुनासो गरेका थिए । यस्तै सहभागीहरुले अहिले पनि रिग्दी खोलामा विष हाल्ने र विद्युत् प्रवाह गरी माछा मार्ने क्रम नरोकिएको हुँदा असला माछा संरक्षणमा गाउँपालिकाले थप चासो दिनुपर्ने, इच्छाकामना गाउँपालिकाको वडा नं-२ स्थित घुर्केश र वडा नं-६ को चण्डिभञ्ज्याङ (डाँडागाउँ) जोड्ने सडक निर्माणको काममा समेत जनप्रतिनिधिहरुको ध्यान पुऱ्याउन नसकेको जस्ता विभिन्न गुनासोहरु गरेका थिए । साथै गाउँपालिकाले मायाटार, घुर्केस, उपरदाङ्गगढी जस्ता गाउँहरुमा होमस्टे प्रवर्द्धन गरी थप पर्यटकीय गतिविधि बढाई पर्यटकीय आकर्षण बढाएकोमा सहभागीहरले प्रशंसा समेत गरेका थिए । कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोन्धन गर्नुहुदै जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायण अधिकारी ज्यूले स्थानीय सरकार र सम्बन्धित क्षेत्रका स्थानीयबीच समन्वय र सहकार्य आवश्यक रहेको बताउदै गाउँ विकासका लागि दुई पक्षबीच सम्बन्ध जरूरी रहेको र जिल्ला समन्वय समितिबाट आवश्यक सहजीकरण गर्न तयार रहेको समेत बताउनुभएको थियो । यस्तै गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरूङले स्थानीयको गुनासोलाई स्थानीय सरकारले सुझावको रुपमा ग्रहण गरेको, सोही सुझावको आधारमा आगामी दिनमा काम गर्न सहज हुने । जनताको गुनासो र आवश्यकता बुझ्नकै लागि गाउँपालिकाले हरेकपटकको सार्वजनिक सुनुवाइ फरक-फरक क्षेत्रमा गर्दै आएको दाबी सहित कार्यक्रमको समापन गर्नुभएको थियो

अन्त्यमा यसरी नै नागरीकको गुनासोहरुलाई गाउँपालिकाले सम्बोन्धन गर्न सके आगामी दिनमा नागरिकको गुनासोहरु कम हुदै जाने र नागरिकको गाउँपालिका प्रति विश्वास बढ्दै जाने देखिन्छ ।

# सूचना पाटीमा टाँस गरिएको प्रकाशित सूचना सामाग्री

## अनुसूची १










# अनलाईनमा प्रकाशित सूचना सामाग्री

## अनुसूची १



# सार्वजनिक सुनुवाई कार्यक्रम-२०८२

## नागरिक सर्वेक्षण (अनुसूची २)

## प्रश्नावली भाग १

### नागरिक अभिमत (सहभागी ४५ जना)

कृपया, आफुलाई उत्तम लागेको कुनै एक विकल्पमा संकेत गर्नुहोला ।

**१. सेवाको सन्तुष्टी**

१.१ तपाईले यस कार्यालयवाट समग्रमा कत्तिको सन्तुष्टी पाउनु भयो ?

सन्तुष्ट ( ३१ )  ठिकै ( १३ )  असन्तुष्ट ( १ )

१.२ सेवा लिनजादा कर्मचारीको व्यवहार प्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ३६ )  ठिकै ( )  असन्तुष्ट ( १ )

**२. सेवाको नियमितता**

२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ३३ )  ठिकै ( ११ )  असन्तुष्ट ( १ )

२.२ कार्यालय नियमित रुपमा सञ्चालन भएको छ भन्ने कुरामा कत्तिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त ( ३८ )  ठिकै ( ७ )  अविश्वस्त ( ० )

२.३ तपाईले कार्यालयमा सेवा लिन जादा अतिरिक्त रकम दिनु भयो ?

दिए ( ० )  थाह छैन ( ९ )  छैन ( ३६ )

२.४ यस कार्यालयको सार्वजनिक चासो तथा समस्या समधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

१ दिन ( ३७ )  २ दिन ( ८ )  धेरै दिन ( ० )

**३. कृषी शाखाले दिएको विरुवा पशु शाखाले दिएको औषधी** लगायत **सेवाप्रतिको जनविश्वास**

३.१ यस कार्यालयले दिने सेवा प्रति तपाई कत्तिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त ( ४२ )  ठिकै ( ३ )  अविश्वस्त ( ० )

३.२ कार्यालयको सेवा प्रवाहका वारेमा अरुलाई जानकारी गरी प्रचार गर्नु भएको छ ?

धेरै ( १३ )  ठिकै ( ३१ )  गरेको छैन ( १ )

३.३ यस कार्यालयका कर्मचारीहरु प्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै ( २९ )  ठिकै ( १४ )  विश्वास छैन ( २ )

३.४ यस कार्यालयमा विपन्न वर्गका लागि वजेट विनियोजन भएको थाह पाउनु भएको छ ?

छ ( १५ )  छैन ( २१ )  अलिअलि थाह छ ( ९ )

**४ सेवा सम्वन्धी जानकारी**

४.१ यस कार्यालयले सेवा लिदा कार्यालयले दिएको जानकारीवाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ४१ )  कम सन्तुष्ट ( ३ )  असन्तुष्ट ( १ )

४.२ यस कार्यालयमा आउदा कसको सहयोग लिनु भयो ?

आफै ( ४१ )  घर परिवार ( ४ )  मध्यस्तकर्ता ( ० )

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कतिपटक धाउनु भयो ?

१ पटक ( ३७ )   २ पटक ( ८ )   धेरै पटक ( ० )

**५ सेवा सम्वन्धी जानकारी**

५.१ यस कार्यालयको भौतिक अवस्था कस्तो लाग्यो ?

अति राम्रो ( ४४ )   ठिकै ( १ )   नराम्रो ( ० )

५.२ यस कार्यालयमा भएको नागरिक वडापत्र वारे तपाईलाई जानकारी छ ?

छ ( २९ )   आंशिक छ ( १२ )   छैन ( ४ )

५.३ कार्यालय र सेवाग्राही विचको सम्वन्ध कस्तो छ ?

राम्रो ( २१ )   ठिकै ( २४ )   नराम्रो ( ० )

**६. नागरिक वडापत्र**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हद सम्म गरेका छन् ?

धेरै ( २५ )   कम ( २० )   प्रयोग नभएको ( )

६.२ तपाईको विचारमा सेवादायकले नागरिक वडापत्र अनुरुप कति हद सम्म सेवा प्रदान गरेजस्तो लाग्छ ?

धेरै ( २१ )   ठिकै ( २१ )   कम ( ३ )

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हद सम्म भएको छ ?

धेरै ( ११ )   ठिकै ( ३३ )   भएकै छैन ( १ )

## प्रश्नावली भाग-२

### नागरिक प्रतिवेदन पत्र

**१. सिफारिस सम्वन्धी**

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजपत्रहरुको प्रस्ट जानकारी पाउनु भयो ?

पाए ( २३ ) ठिकै ( १९ ) पाईन ( ३ )

१.२ सिफारिसका लागि लाग्ने दस्तुर वाहेक अतिरिक्त रकम दिनु पर्यो ?

दिए ( ० ) दिईन ( ४१ ) थाह छैन ( ४ )

१.३ कार्यालयवाट सेवा लिदा कसको सहयोग लिनु भयो ?

आफै ( ४१ ) मध्यस्तकर्ता ( १ ) ठुलावडा वा अन्य ( ३ )

**२. पुर्वाधार तथा सरसफाई सम्वन्धी**

२.१ कार्यालयको सरसफाईको अवस्था कस्तो लाग्यो ?

राम्रो ( ३७ ) ठिकै ( ८ ) खराव ( ० )

२.२ सरसफाई सम्वन्धी गुनासो गर्दा त्यसमाथी कारवाही हुन्छ?

हुन्छ ( ११ ) हुदैन ( १ ) थाहछैन ( ३३ )

२.३ तपाईको गाँउपालिकामा विकास निर्माणको अवस्था कस्तो छ ?

राम्रो ( २९ ) ठिकै ( १२ ) कमजोर ( ४ )

२.४ सञ्चालनमा रहेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

राम्रो ( ३५ ) ठिकै ( ९ ) कमजोर ( १ )

२.५ योजनाको विल भुक्तानी गर्ने व्यवस्था कस्तो लाग्यो ?

राम्रो ( २३ ) ठिकै ( २१ ) कमजोर ( १ )

२.६ योजनाको जाँचपास गर्दा प्राविधिकलाई रकम दिनु पर्छ?

पर्छ ( ० ) पर्दैन ( २८ ) थाह छैन ( १७ )

२.७ योजनामा प्राविधिकको सहयोग कस्तो पाउनु भयो?

राम्रो ( ३१ ) ठिकै ( १३ ) पाईन ( १ )

२.८ विकास निर्माण सम्वन्धी जानकारी माग्दा पाउनु हुन्छ ?

पाईन्छ ( ३७ ) पाईदैन ( ३ ) थाहा छैन ( ५ )

२.९ स्थानीय सरकारको आंचार संहिता पालन भएको छ?

छ ( ११ ) छैन ( ९ ) थाहा छैन ( २५ )

**३. यस कार्यालयका तल दिईएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?**

३.१ आर्थिक श्रोत कस्तो छ?

राम्रो ( ३३ ) ठिकै ( ११ ) कमजोर ( १ )

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ?

राम्रो ( ३१ ) ठिकै ( ११ ) कमजोर ( ३ )

३.३ कार्यालयमा भएका कर्मचारीहरुको सिप दक्षता कस्तो छ?

राम्रो ( २१ ) ठिकै ( २१ ) कमजोर ( ३ )

३.४ कार्यालयका सुचनाहरु सुचना पाटीमा टाँस गरिन्छ ?

गरिन्छ ( ३८ ) आंशिक ( ७ ) गरिदैन ( ० )

**४. पारदर्शिता सम्वन्धी**

४.१ यस कार्यालयको पहिला पहिला सार्वजनिक सुनुवाईका वारेमा सुचना पाउनु भएको थियो ?

थिए ( ३३ ) थिईन ( ११ ) थाह छैन ( १ )

४.२ कार्यालयको वार्षिक नीति तथा कार्यक्रम र वजेटका वारेमा जानकारी पाउनु भएको छ ?


थिए ( ३१ ) थिईन ( १२ ) थाह छैन ( २ )

४.३ यस कार्यालयको योजना अनुगमन तथा निरिक्षणसँग सन्तुष्ट हुनुहुन्छ?

छ ( ३९ ) ठिकै ( ५ ) छैन ( १ )

# सहभागीहरूको उपस्थिति


## अनुसूची ३




आज मिति २०७५ मंसिर २६ गते गोरखाबजार स्थित इच्छाकामना गाउँपालिका अध्यक्ष ... बहादुर गुरुङको अध्यक्षतामा तथा जिल्ला समन्वय समिति चितवनका प्रमुख ... प्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा इच्छाकामना गाउँपालिकाको वार्षिक नीति २०७५/०७६ को प्रथम चौमासिक प्रगति समीक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरियो।

उपस्थिति


१. अध्यक्ष — ... बहादुर गुरुङ इच्छाकामना गाउँ
२. प्रमुख अतिथि — ... अधिकारी जिल्ला समन्वय समिति
३. उपाध्यक्ष — ... इच्छाकामना गाउँ
४. " — ... थापा
५. " — प्रमुख प्रशासकीय अधिकृत ... इच्छाकामना
६. " — पन्च बहादुर चेपाङ २ नं. वडा अध्यक्ष
७. — नर बहादुर नेपाल २ नं.
८. — ... प्रसाद उप्रेती ४ नं
९. — तेज बहादुर ... ५ नं.
१०. — लक्ष्मण चेपाङ ६ नं
११. — ... गुरुङ ... सदस्य
१२. — मञ्जु चेपाङ
१३. — दिपेन्द्र अधिकारी — ...
१४. — ...
१५. — ... प्र.अ.
१६. — ...
१७. — ... पत्रकार
१८. — उद्धव ... पत्रकार
१९. — ...
२०. — ध्रुवराज तिवारी
२१. — ... मायादेवी
२२. — सन्तोष चेपाङ
२३. — ...



२०. बुद्धि बहादुर गुरुङ
२१. ... चेपाङ
२२. दिपेश चेपाङ
२३. ...
२४. ...लाल
२५. ... नमाया
२६. ...
२७. ...
२८. सुकमाया
२९. ... बहादुर चेपाङ
३०. सुजन ...
३१. युवराज गुरुङ
३२. ...राज ...
३३. ... चेपाङ
३४. ...
३५. ... बहादुर गुरुङ
३६. ...
३७. माया गुरुङ
३८. ...
३९. ...
४०. ... गुरुङ
४१. ...
४२. ...
४३. प्रकाश घर्ती
४४. सनिमाया चेपाङ
४५. चन्द्रमाया चेपाङ
४६. डिलमाया चेपाङ
४७. निरमाया चेपाङ
४८. दिपक ... आश्रम ...
४९. ... बहादुर चेपाङ
५०. राम कुमार चेपाङ इच्छाकामना-२
५१. ... बहादुर चेपाङ



५२. तेजेन्द्र आचार्य (जिल्ला ...)
५३. हेम कुमारी गुरुङ
५४. जग ब. गुरुङ
५५. दिल ब. गुरुङ
५६. हिमाल गुरुङ
५७) पदम ब. चेपाङ
५८) केशव चेपाङ
५९) बुद्ध ब. घर्ती
६०) विनोद चेपाङ
६१) कुमार चेपाङ
६२) ... सिंह घर्ती
६३) ... बिर ब. घर्ती
६४) अर्जुन चेपाङ
६५) ... ब. गुरुङ
६६) सुनिता गुरुङ
६७) यम कुमारी गुरुङ
६८) ... गुरुङ
६९) विनोद गुरुङ
७०) ... कुमार गुरुङ
७१) ... गुरुङ
७२) ... गुरुङ
७३) ... गुरुङ
७४) पार्वती गुरुङ
७५) लक्ष्मी गुरुङ
७६) ...
७७) गोविन्द ...
७८) ... गुरुङ
७९) प्रदीप गुरुङ
८०) ... गुरुङ
८१) ... गुरुङ
८२) ... ब. गुरुङ



८३ विशाल गुरुङ
८४ ... ब. गुरुङ
८५ संगम गुरुङ
८६ ...
८७ ... थापा मगर
८८ ...
८९ ...
९० ... कुमार गुरुङ
९१ ...
९२ ...
९३ अर्जुन थापा जि.मं. ... चितवन
९४ विनय ...
९५ ... पण्डित
९६ पदम बहादुर ...
९७ ...
९८ ...
९९ ...

# कार्यक्रमका तस्वीरहरु

## अनुसूची ४





















# कार्यक्रमका तस्वीरहरु

## अनुसूची ४

















# कार्यक्रम सम्पन्नता बारे सञ्चारमाध्यममा प्रकाशित समाचारहरू

## अनुसूची ५


"क" वर्गमा वर्गीकृत चितवनको पहिलो राष्ट्रिय दैनिक

चितवन पोष्ट

CHITWAN POST DAILY

दैनिक समाचारपत्र



QFX cinemas JALMA

NOW SHOWING मा भव्यरुपमा चलिरहेको छ।

| | | | | |
|---|---|---|---|---|
| Dhurandhar | 11:45AM | 3:00 PM | | 7:15 PM |
| Paran | 12:00PM | - | | - |
| Tere Ishk Mein | 3:45 PM | - | Sholay | 7:00PM |

50% discount on every morning shows

हरेक बुधबार र बिहीबार हरेक शोमा टिकट दर रु. १००/- मात्र



• वर्ष २८ • अङ्क ११५ • पूर्णाङ्क ३११५ • २०८२ पुस २ गते बुधबार, त्रयोदशी • (17 Dec., 2025) (Website : www.chitwanpost.com.np) • पेज ४ • मूल्य : ६ ।-


# एघार सय अत्याधुनिक क्यामेराबाट बाघ गणना

भरतपुर । मुलुकमा प्रत्येक चार वर्षमा गरिने बाघको गणना मंगलबार (पुस १ गते) देखि सुरु भएको छ । चितवनको सौराहामा आयोजित औपचारिक कार्यक्रममा उद्घाटन गरी बाघ गणना सुरु गर्न थालिएको हो ।

वन तथा वातावरण मन्त्रालयलअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको गणनामा एक हजार १०० अत्याधुनिक क्यामेराको प्रयोग गरिने र बाघको फोटो संकलन गरेर विश्लेषण गरी संख्या एकिन गरिने विभागका महानिर्देशक बुद्धिसागर पौडेलले जानकारी दिए ।

निकुञ्ज विभागका अनुसार गणनामा जनशक्ति परिचालन, मेमोरी कार्ड, टेन्ट, सिल्पिङ ब्यागलगायत लजिस्टिक सामानका लागि करिब

सन् २००९ यता हरेक चार वर्षमा बाघको सर्वेक्षण हुँदै आएको छ । बाघ संरक्षण कार्ययोजनामा उल्लेख भएअनुसार सन् २०१३, २०१८ र २०२२ मा गणना सम्पन्न भइसकेको छ । अहिले सन् २०२६ का लागि गणना हुनलागेको हो । बाघको सर्वेक्षण खासगरी हिउँदको समयमा गरिन्छ । किनभने यो चिसो



वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाईं मंगलबार चितवनको सौराहामा राष्ट्रिय बाघ सर्वेक्षण-२०८२ को उद्घाटन गर्दै । प्रत्येक चार वर्षमा नेपालमा गरिने बाघको गणना मंगलबारबाट सुरु भएको हो । तस्बिर : रासस

साताको समय लाग्छ भने ट्र्यापिङका लागि कम्तीमा १५ दिन राखिन्छ । यही पुस १ र २ गते औपचारिक उद्घाटन तथा ओरियन्टेसन कार्यक्रम रहेको छ । यही पुस ३ गतेदेखि फिल्डमा गएर क्यामेरा ओछ्याउने काम सुरु हुन्छ", वरिष्ठ इकोलोजिष्ट आचार्यले भने ।

क्यामेरा ओछ्याउन सहजताका लागि बाघ पाइने क्षेत्रलाई सिस्टमेटिक बनाउनलाई ब्लकमा विभाजन गरिएको छ । चितवन-पर्सा, बाँके-बर्दिया र शुक्लाफाँटा-लालझाडी गरी मुख्य तीन ब्लकमा विभाजन गरिएको छ । हरेक ब्लकलाई फेरि क्याम्प-क्याम्पमा बाँडेर प्राविधिक कर्मचारी खटाएर क्यामेरा राख्ने काम गरिन्छ । एउटा पाटे बाघको पाटा अर्कोसँग नमिल्ने र फोटोमा कुनै द्विविधा नहुने भएकाले यस प्रविधिको गणनालाई वैज्ञानिक मानिन्छ ।

क्यामेराबाट तथ्याङ्क आइसकेपछि निकुञ्ज विभागमै विश्लेषण र जम्मा गरी संख्याएकिन गरिन्छ । अन्तिम परिणाम आगामी जुलाई २९ अर्थात् अन्तरराष्ट्रिय बाघ दिवसका दिनसम्म प्रतिवेदन सार्वजनिक गर्ने भन्ने योजना रहेको वरिष्ठ इकोलोजिष्ट आचार्यले बताए ।

निकुञ्ज विभागले बाघ गणना सम्पन्न भएपछि गैंडाको पनि गणना गर्ने तयारी रहेको जनाएको छ । त्यस्तै

## ट्र्याक्टर दुर्घटना हुँदा तीन जनाको मृत्यु

हेटौंडा । मकवानपुरको बकैया गाउँपालिका-७ अँधेरीमा मंगलबार दिउँसो ट्र्याक्टर दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ भने १९ जना घाइते भएका छन् ।

लु ५त १४७ नम्बरको ट्र्याक्टर दुर्घटना हुँदा बकैया गाउँपालिका-७ अँधेरी निवासी ५५ वर्षीय केशव माझी, ५५ वर्षीय युवराज माझी र ४५ वर्षीय शन्तलाल माझीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।

दुर्घटनामा घाइते २२ जनामध्ये गम्भीर घाइते तीनै जनाको हेटौंडास्थित अस्पतालमा उपचारका क्रममा मृत्यु भएको उनले बताए । घाइतेमध्ये केहीको हेटौंडा अस्पताल तथा केहीको चुरे हिल अस्पतालमा उपचार भइरहेको प्रवक्ता बोगटीले बताए । दुर्घटनाको कारण खुल्न बाँकी रहेको र थप अनुसन्धान भइरहेको उनले जानकारी दिए ।

### ट्याङ्करको ठक्करबाट पैदलयात्री वृद्ध घाइते

भरतपुर-२९, सुविधानगरस्थित मुग्लिन-नारायणगढ सडकखण्डमा ट्याङ्करको ठक्करबाट पैदलयात्री वृद्ध घाइते भएका छन् ।

मुग्लिनबाट नारायणगढतर्फ आउँदै गरेको ना ५ ख ९२१६ नम्बरको ट्याङ्करको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ८० वर्षीय बिर्समान गुरुङ घाइते भएका हुन् ।

घाइते वृद्धको दुवै खुट्टा भाँचिएको अवस्थामा नयाँ मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको र ट्याङ्कर चालक राप्ती नगरपालिका वडा नं-१ बस्ने ४३ वर्षीय फिरलाल

# 'खानी सञ्चालनले सडकदेखि बस्तीसम्म जोखिम'

- तुलमान गुरूङ

चण्डिभञ्ज्याङ । इच्छाकामना गाउँपालिका वडा नं-२ स्थित धानबारीमा सञ्चालित चुनढुङ्गा खानीको काम रोक्न स्थानीयले माग गरेका छन् । घुर्केशमा भएको इच्छाकामना गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रममा स्थानीयले खानी सञ्चालनले सडकदेखि बस्तीसम्मको जोखिम बढाएको बताएका हुन् ।

खानीमा प्रयोग हुँदै आएको ठूला सवारीसाधनको प्रयोगले विद्यार्थी सबैभन्दा बढी प्रभावित भएको राष्ट्रिय आधारभूत विद्यालय मायाटारका प्रधानाध्यापक पदमबहादुर चेपाङले बताए । 'शान्त ठाउँमा बसेर अध्ययन गर्दै आएका विद्यार्थीलाई चर्को आवाजका कारण ध्वनि प्रदूषण त बढ्यो नै', विद्यार्थीलाई विद्यालय आउजाउमा समेत समस्या भएको छ ।'

खानी सञ्चालनले सडकसमेत ठाउँ-ठाउँमा बिग्रिइसकेको स्थानीयले बताएका छन् । सडकको क्षमताभन्दा बढी भार बोकेर सवारीसाधन गुड्दा ग्रामीण सडकले त्यसको भार थेग्न नसकेको मायाटार होमस्टेका सञ्चालक टीकाबहादुर गुरुङले गुनासो गरे । उपरदाङगढीबाट मायाटार हुँदै घुर्केशमा परवास सञ्चालन गरे पनि सडककै कारण आन्तरिक पर्यटकको आगमन रोकिने जोखिम बढेको उनले बताए ।

'ठूला गाडी घुम्न पनि नसक्ने घुम्ती भएको सडकमा क्षमताभन्दा बढी भारी बोकेर टिप्पर गुडेपछि ठाउँ-ठाउँमा सडक भत्किएको छ', उनले भने, 'यसरी जोखिमपूर्ण यात्रा गर्दा सडकले भार नथेग्नेमात्रै होइन, बारी बोकेकै सवारीलाई पनि दुर्घटनाको जोखिम छ ।' बाटोकै कारण फस्टाउने यात्रामा अघि बढेको इच्छाकामनाको आन्तरिक पर्यटन व्यवसाय फेरि धरापमा पर्ने हो कि भन्ने चिन्ता थपिएको उनको भनाइ छ ।

उनले रिग्दी खोलाको असला माछा संरक्षणमा पनि गाउँपालिकाले थप चासो दिनुपर्ने सुझाव दिए । 'कुनै समय असला माछाको वासस्थान भनेर चिनिने रिग्दी खोलामा अहिले असला




देख्नै मुस्किल छ', उनी भन्छन्, 'हामीले स्थानीयस्तरमै संरक्षणको अभियान चलाएका थियौं । तर, त्यसले मात्रै संरक्षण पर्याप्त भएन । खोलामा विष हाल्ने र विद्युत् प्रवाह गरी माछा मार्ने क्रम नरोकिएको हुँदा त्यसतर्फ गाउँपालिकाले बेला-बेला जनचेतनामूलक कार्यक्रम गरेर गाउँ-गाउँमा सचेतना बढाउनुपर्ने देखिएको छ ।'

स्थानीयले इच्छाकामना गाउँ-पालिकाको वडा नं-२ स्थित घुर्केश र वडा नं-६ को चण्डिभञ्ज्याङ (डाँडागाउँ) जोड्ने सडक निर्माणको काममा समेत जनप्रतिनिधिहरूको ध्यान नपुगेको बताएका छन् । निर्माण कम्पनीले राम्रोसँग काम नगरेको भन्दै गाउँपालिकाबाट संयन्त्र खडा गरेर समय-समयमा अनुगमन गरिदिन आग्रह गरेका छन् ।

जिल्ला समन्वय समिति प्रमुख नारायणप्रसाद अधिकारीले स्थानीय सरकार र सम्बन्धित क्षेत्रका स्थानीयबीच समन्वय र सहकार्य आवश्यक रहेको बताए । गाउँ विकासका लागि दुई पक्षबीच सम्बन्ध जरुरी रहेको उनले बताए । जिल्ला समन्वय समितिबाट आवश्यक सहजीकरण गर्न तयार रहेकोसमेत उनले बताए ।

गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले स्थानीयको गुनासोलाई स्थानीय सरकारले सुझावको रूपमा ग्रहण गरेको बताए । सोही सुझावको आधारमा आगामी दिनमा काम गर्न सहज हुने उनले बताए । जनताको गुनासो र आवश्यकता बुझ्नकै लागि इच्छाकामना गाउँपालिकाले हरेकपटकको सार्वजनिक सुनुवाइ फरक-फरक क्षेत्रमा गर्दै आएको उनको दावी छ ।

इच्छाकामना गाउँपालिकाकी उपाध्यक्ष माया सिलवालले स्वागत मन्तव्य दिएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत चन्द्रकान्त बस्नेतले चार महिनाको कार्यप्रगति प्रस्तुत गरेका थिए ।

---

ichchhakamananews.com

ICHCHHAKAMANANEWS इच्छाकामना न्युज

बिहिबार, पौष ३ गते २०८२


रियल हार्डवेयर सप्लायर्स

पोखरारोड, आँबुखैरेनी-३, तनहुँ फोन नं.: ०६५-५४०३११, ९८४५४९४७५७

प्रदेश कै सबैभन्दा ठूलो हार्डवेयर पसल


गृहपृष्ठ समाचार समाज प्रदेश अर्थ विचार मनोरञ्जन खेलकुद

TRENDING # इच्छाकामना गाउँपालिका # राशिफल # तमू ल्होसार # सगरमाथा युवा क्लब फिस्लिङ # शहिद लखन गाउँपालिका # बलात्कार # दुर्घटना # नागढुङ्गा नौबिसे सडक # कृष्ण सिलवाल

# इच्छाकामनाको सार्वजनिक सुनुवाई सम्पन्न, खानी सञ्चालनले सडकदेखि बस्तीसम्म जोखिम भएको जनताको गुनासो

